नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

सिंहदरबार प्लाजा, काठमाडौं ।

"१०% एनआईएमबी डिवेन्चर २०९०" (NIMBD90) को सूचीकरण गरिएको

**सूचना**

आज मिति २०८०/१२/१५ गते बिहीबार नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड बीच १० वर्ष अवधि तथा १०% वार्षिक व्याजदर भएको "१०% एनआईएमबी डिवेन्चर २०९०" डिबेन्चर/ऋणपत्र (NIMBD90) को क्रम संख्या नं. १ देखि ४०,४०,००० सम्मको अंकित तथा चुक्ता मूल्य रु.१,०००।- कायम भएको कुल ४०,४०,००० कित्ता ऋणपत्रको सूचीकरण गर्ने सम्झौता सम्पन्न भयो । कम्पनीले सर्वसाधारण समक्ष प्रभु क्यापिटल लिमिटेड (धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक कम्पनी) मार्फत् खुल्ला बिक्री आव्हान गरेको थियो । यसरी सर्वसाधारणमा वितरण गरिएको ४०,४०,००० कित्ता ऋणपत्र धितोपत्र सूचीकरण विनियमावली, २०७५ बमोजिम मिति २०८०/१२/०९ गतेको निर्णयानुसार यस स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण गरिएको हुँदा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**पुनश्च** : मिति २०८०/१२/१५ मा नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड बीच धितोपत्र सूचीकरण सम्झौता सम्पन्न भएको दोस्रो दिनबाट यस स्टक एक्सचेञ्ज लिमिटेडमा उक्त कम्पनीको १०% वार्षिक व्याजदर भएको "१०% एनआईएमबी डिवेन्चर २०९०" डिबेन्चर/ऋणपत्र को दोस्रो बजारको कारोबार शुरु हुनेछ । प्रस्तुत कम्पनीको प्रधान कार्यालय काठमाडौं महानगरपालिका, वडा नं.०१, दरबारमार्ग, काठमाडौं रहेको छ ।

सूचीकरण शाखा।
नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाडौं ।
फोन नं.: ०१-४२५०७५५/५६

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
स्टक
काठमाडौं
२०५०

मिति : २०८०/१२/१५